# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


चौरजहारी नगर पालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

प.स. : २०८०/०८१
च.नं. : २८०

मिति : २०८०/०५/२७

**विषय :- संविधान दिवस मनाउने सम्बन्धमा।**

**श्री वडा कार्यालयहरू (सबै)**
**श्री स्वास्थ्य संस्थाहरू (सबै),**
**श्री सामुदायिक विद्यालयहरू (सबै),**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।**

उपर्युक्त विषयमा जिल्ला प्रशासन कार्यालयको च.नं. ६२२, मिति २०८०/०५/२४ गतेको यस कार्यालयमा प्राप्त संविधान दिवस मनाउने सम्बन्धमा लेखिएको पत्रानुसार देहायका कार्यक्रमहरू सहित यही मिति २०८० असोज २, ३ र ४ गते संविधान दिवस मनाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

**तपसिल**

१. नगरपालिका स्थित सबै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सामुदायिक विद्यालयहरुले राष्ट्रिय झण्डा एवम् व्यानर सजाइ कार्यालय र परिसरको सरसफाइ गर्ने,

२. नगरपालिका स्थित सबै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सामुदायिक विद्यालयहरूले मिति २०८० असोज २, ३ र ४ गते साँझ दीप प्रज्ज्वलन गर्ने,

३. नगरवासी आमनागरिकहरूले समेत आ-आफ्नो घर-घरमा मिति २०८० असोज ३ गते साँझ दीप प्रज्ज्वलन गर्न अनुरोध गर्ने,

४. संविधान दिवसका सन्दर्भमा वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सामुदायिक विद्यालयहरूबाट रचनात्मक, सिर्जनात्मक, सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने,

५. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, लोकतन्त्र र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूको आत्माको चीरशान्तीको कामनासहित उच्च-सम्मानका साथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने।

२०८०/०५/२७
..................
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत